२०८२।११।४

# कर्णाली प्रदेश अध्ययन पूर्व स्वीकृति सम्बन्धी मापदण्ड, २०८२

**प्रस्तावनाः** कर्णाली प्रदेश सरकारको निकायमा कार्यरत कर्मचारीलाई कर्णाली प्रदेश निजामती सेवा ऐन २०८० को दफा ७३ बमोजिम अध्ययन बिदा र कर्णाली प्रदेश निजामती सेवा नियमावली २०८० को नियम ९७ को उपनियम (८) बमोजिम अध्ययन पूर्व स्वीकृति दिने कार्यलाई पारदर्शी, व्यवस्थित र थप स्पष्ट गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश निजामती सेवा ऐन २०८० को दफा १४० को अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यो मापदण्ड बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कर्णाली प्रदेश अध्ययन पूर्व स्वीकृति सम्बन्धी मापदण्ड, २०८२" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः**

(क) "ऐन" भन्नाले कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० सम्झनु पर्छ ।

(ख) "तोकिएको अधिकारी" भन्नाले कर्णाली प्रदेश निजामती सेवा नियमावली, २०८० को नियम १०२ बमोजिमको अधिकारी सम्झनु पर्छ।

(ग) "नियमावली" भन्नाले कर्णाली प्रदेश निजामती सेवा नियमावली, २०८० सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको मन्त्रालय सम्झनुपर्छ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत जनाउँछ।

३. **योग्याताक्रम निर्धारण गर्नुपर्नेः** (१) मन्त्रालयले प्रत्येक आर्थिक बर्षको श्रावण पन्ध्र गतेभित्र अध्ययन बिदामा पठाउन सकिने प्रदेश निजामती सेवाका कर्मचारीको सङ्ख्या एकिन गरी अभिलेख राख्नु पर्नेछ।

तर, आर्थिक बर्ष २०८२/०८३ को लागि फागुन मसान्तभित्र सो अभिलेख राख्नु पर्नेछ।

मुख्यमन्त्री

प्रदेश सचिव

(२) प्रदेश निजामती सेवाका कर्मचारीलाई [stamp] अध्ययनको हकमा कर्णाली प्रदेश निजामती सेवाका कर्मचारीलाई प्राप्त निवेदनको आधारमा अनुसूची-१ बमोजिम मूल्याङ्कन गरी योग्यताक्रम निर्धारण गर्नुपर्नेछ।

(२) उपदफा (२) मा निर्धारण गरिएका योग्यताक्रमबाट कर्मचारी छनोट गर्दा देहाए बमोजिमका आधारलाई विचार गर्नुपर्नेछः

(क) यसभन्दा अगाडि अध्ययन बिदा नलिएको,

(ख) असल आचरण भएको वा विभागीय सजाय नपाएको।

४. <u>तोकिएको अधिकारी समक्ष पेस गर्नुपर्ने:</u> (१) दफा ३ बमोजिमको योग्यताक्रमको आधारमा मन्त्रालयको सचिवले सो को बेहोरा खुलाई निर्णय सहित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पठाउँदा ऐन र नियमावली बमोजिम कुन प्रकृतिको बिदा दिनुपर्ने हो स्पष्ट खुलाउनु पर्नेछ।

५. <u>अध्ययन पूर्व स्वीकृति सम्बन्धी व्यवस्था:</u> (१) प्रदेश निजामती सेवाको कर्मचारीले स्वदेश वा विदेशको कुनै विश्वविद्यालय, संकाय वा निकायमा अध्ययन गर्नुपूर्व मन्त्रालय मार्फत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट अध्ययन पूर्व स्वीकृति लिनु पर्नेछ।

(२) स्वेदश वा विदेशको कुनै विश्वविद्यालय, संकाय वा निकायबाट निजामती कर्मचारीलाई सरकारी कोटा छुट्याईएकोमा सो कोटामा प्रतिस्पर्धाको आधारमा छनोट भएको प्रदेश निजामती कर्मचारीलाई तलबी अध्ययन बिदा दिइनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको अधिकारीले नियमावलीको नियम ९७ को उपनियम (८) बमोजिम निजी प्रयासमा अध्ययन गर्न जाने प्रदेश निजामती कर्मचारीलाई नियमावलीको नियम ९७ को उपनियम (९) बमोजिम अध्ययन बिदा स्वीकृत हुने गरी अध्ययन पूर्व स्वीकृति दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम अध्ययन पूर्व स्वीकृति दिँदा देहाए बमोजिम हुनुपर्नेछः

(क) प्रदेश निजामती सेवाका कर्मचारीको हकमा सेवा अवधि न्यूनतम तीन वर्ष पुरा भएको,

प्रदेश सचिव

मुख्यमन्त्री

(ख) प्रदेश स्वास्थ्य सेवा कर्मचारीको हकमा आफू बहाल रहेको पदमा तीन बर्ष सेवा अवधि पूरा भएको।

(५) कर्मचारीले पूर्व स्वीकृति लिन चाहेको शैक्षिक उपाधि निज कार्यरत पदको न्यूनतम शैक्षिक योग्यता भन्दा कम्तिमा एक तह माथिल्लो शैक्षिक योग्यता भएको अवस्थामा बेतलबी अध्ययन बिदा स्वीकृत हुनेगरी अध्ययन पूर्व स्वीकृति दिन सकिनेछ।

६. <u>आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनुपर्ने:</u> अध्ययन विदामा पठाइएका कर्मचारीको विवरण सम्बन्धित मन्त्रालयले आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

७. <u>यसै मापदण्ड बमोजिम भए गरेको मानिने:</u> यो मापदण्ड प्रारम्भ हुनु अघि अध्ययनमा पूर्व स्वीकृति लिने सम्बन्धी भए गरेका काम कारबाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।

प्रदेश सचिव

अनुसूची

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

मन्त्रालयले प्रदेश निजामती सेवाका कर्मचारीको मूल्याङ्कन र योग्यताक्रम निर्धारण गर्ने आधार

| क.सं. | मूल्याङ्कनको क्षेत्र | मूल्याङ्कनको आधार | इकाई | अङ्क | कैफियत |
|---|---|---|---|---|---|
| १. | जेष्ठता | प्रदेश निजामती सेवाको कर्मचारीको हकमा सेवा अवधि र प्रदेश स्वास्थ्य सेवाका कर्मचारीको हकमा बहाल रहेको अवधिपछिको प्रत्येक बर्ष | वर्ष | एक | अध्ययन बिदाको लागि न्यूनतम सेवा अवधि पूरा गरेको |
| २. | भौगोलिक क्षेत्र | भौगोलिक क्षेत्रको अङ्क | वर्ष | ऐन बमोजिमको भौगोलिक क्षेत्रको अङ्क | |

प्रदेश सचिव

मुख्यमन्त्री